# आठविसकोट नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## आठविसकोट, रुकुम (पश्चिम)
## कर्णाली प्रदेश, नेपाल

सम्पर्क नं.
९७४१३८९९६१
९७४८५८३१३८


मितिः २०७५/१०/२२

पत्र संख्याः २०७५/०७६ (सू.अ.व्य.केन्द्र)

चलानी नम्बर............

**५० वाटको सोलार पाँच हजार रुपैयाँ अनुदानमा प्राप्त गर्न दरखास्त पेश गर्ने सम्बन्धी**

**अत्यन्त जरुरी सूचना**

**(प्रकाशित मिति २०७५।१०।२२)**

आठविसकोट नगरपालिका र बैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रको विशेष अनुदानमा ५० वाटको सोलार रु. ५,०००।०० (अक्षरुपी पाँच हजार रुपैयाँमात्र) मा उपलब्ध गराईने भएकोले यस अघि अनुदान सुविधा नलिएका अनुदानमा सोलार लिन इच्छुक घरपरिवारहरुले तपसिलमा उल्लेखित शर्तहरुको पालना गरी नागरिकताको प्रमाणपत्रको प्रतिलिपिसहित सूचना प्रकाशन भएको मितिले १५(पन्ध्र) दिनभित्र सोझै नगरपालिकाको कार्यालयमा वा सम्बन्धित वडा कार्यालय मार्फत नगरपालिकाको कार्यालयमा दरखास्त पेश गर्नुहुन सबैको जानकारीको लागि अनुरोध छ ।

**शर्तहरु**

१. दरखास्तका साथ नागरिकताको प्रमाणपत्रको प्रतिलिपी र रु. ५,०००।०० (अक्षरुपी पाँचहजार रुपैयाँमात्र) मध्ये रु. २,०००।०० (अक्षरुपी दुई हजार रुपैयाँमात्र) रकम पेश्कीको रुपमा अग्रिम रुपमा बुझाउनु पर्नेछ । बाँकी रकम रु. ३,०००।०० (अक्षरुपी तीन हजार रुपैयाँमात्र) सोलार लिन आउँदा बुझाउनु पर्नेछ ।

२. विशेष अनुदानमा सोलार प्राप्त गर्ने घरपरिवार यस अघि अनुदान सुविधा नलिएको र कुनै पनि लघुजलविद्युत आयोजनाबाट विद्युत सेवा प्राप्त नगरेको हुनुपर्नेछ । लघुजलविद्युत आयोजनाबाट विद्युत सेवा प्राप्त गरेका एवम् शहरी क्षेत्रमा बसोवास गर्ने घरपरिवारले यो सुविधा प्राप्त गर्न सक्ने छैनन् ।

३. रु. ५,०००।०० (अक्षरुपी पाँच हजार रुपैयाँमात्र) बाहेकको अन्य रकम नगरपालिका र बैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रले व्यहोर्ने छन् ।

४. थप जानकारीको लागि सम्बन्धीत वडा कार्यालय वा नगरपालिकाको कार्यालय वा मोवाइल नं. ९७४८५८३१३८, ९७४१३८९९६१, ९८४९२८१०९७ मा सम्पर्क गर्न सकिनेछ ।

रामबहादुर के.सी.
नि. प्रमुख प्रशासकीय अधिकृत

नि.प्रमुख प्रशासकीय अधिकृत